सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक




आर्मीलाई हराउँदै मधेसले जित्यो केपी ओली कपको उपाधि ।
पेज २ मा

♦ वर्ष ७ ♦ अंक ७७ ♦ २०८० साल मंसीर १६ गते शनिवार ♦ 2 Dec 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## स्थानीय तहमा हुने भ्रष्टाचारको नमूना

# नगरका शिक्षा संयोजकले पेस्कीमै बुझे झण्डै २ करोड, मासु पसलबाट खानाको बिल, प्रायः कागज फर्जी

**अजय अनुरागी**

**मंसीर १५ गते, महेन्द्रनगर**

धनुषाको शहीदनगर नगरपालिकाका तत्कालीन शिक्षा संयोजक धनेश्वर यादवले झण्डै २ करोड पेस्की लिएर विभिन्न कार्यक्रमका नाममा नक्कली बिल भर्पाइ पेसगरि अनियमितता गरेको पाइएको छ ।

धनुषाको लक्ष्मीनियाँ गाउँपालिकाको मावि कुम्हरौडामा शिक्षकको दरबन्दीमा रहेका यादव शहीद नगरपालिकामा स्रोत व्यक्ति बनेर गई शिक्षा संयोजकका रूपमा काम गर्दा ठूलो रकम हिनामिना गरेको पाइएको हो ।

राष्ट्रिय सतर्कता केन्द्रले स्थलगत छानबिन तथा विभिन्न कागजात अध्ययन गर्दा अनियमितता पुष्टि भएको छ ।

गम्भीर अनियमितता गरेको भेटिएपछि केन्द्रले थप छानबिन तथा कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्रतिवेदनसहितको सक्कल फाइल पठाएको छ ।




धनेश्वर यादव
तत्कालीन शिक्षा संयोजक

आर्थिक वर्ष २०७६/०७७ र २०७७/०७८ मा शिक्षा संयोजकको रूपमा विभिन्न कार्यक्रम गर्ने भनी आफ्नै नाममा पेस्की लिएर यादवले अनियमितता गरेका हुन् ।

यहाँसम्म कि अवैध रूपमा आर्जन गरेको त्यही सम्पत्तिबाट यादवले जनकपुरको थापाचोकमै दुई ठाउँमा आलिसान महल समेत ठड्याएका छन् । यादव अहिले मावि महुलियामा शिक्षकको रूपमा कार्यरत छन् ।

आर्थिक वर्ष २०७६/०७७ मा यादवले ६० लाख ९७ हजार ८ रुपैयाँ पेस्की लिएकोमा फर्छ्यौट नगरेको केन्द्रको छानबिनबाट पाइएको छ ।

२०७६ चैत ३० गते शैक्षिक कार्यक्रम खर्च (अतिरिक्त क्रियाकलाप) भनेर ९ लाख रुपैयाँ, कम्प्युटर तालिम (शिक्षा विकास कार्यक्रम)बापत ३ लाख रुपैयाँ, विषयगत तालिमबापत १२ लाख रुपैयाँ, डीआरआर तालिमबापत १ लाख ५० हजार रुपैयाँ यादवले पेस्की बुझेका छन् ।

उनले सोही मिति चैत ३० गते ईआईएमएस तालिमबापत २ लाख रुपैयाँ, शिक्षक अभिभावक अभिमुखीकरण कार्यक्रमबापत २ लाख रुपैयाँ, गुणात्मक शिक्षासम्बन्धी अन्तरक्रियाका लागि भनेर ५० हजार रुपैयाँ पेस्की बुझेका छन् ।

त्यसैगरी चैत ३० गते नै अर्को अभिमुखीकरण तालिमका लागि १ लाख रुपैयाँ, शिक्षा विकासका लागि ३ लाख रुपैयाँ र अन्य विभिन्न कार्यक्रमका लागि २०७७ जेठ २६

*बाँकी पृष्ठ ३ मा*

# शान्ति सुरक्षा कायम गर्न प्रदेश सरकार हरेक प्रकारको सहयोग गर्न प्रतिबद्ध : मुख्यमन्त्री यादव

**खबर दर्पण समाचारदाता**


**मंसीर १५ गते, महेन्द्रनगर**

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेशमा शान्ति सुरक्षा कायम गर्न प्रदेश सरकार हरेक प्रकारको सहयोग गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामको प्रशासनिक कार्यालय भवनको शुक्रबार

*बाँकी पृष्ठ २ मा*





पुर्वपश्चिम राजमार्गको जक्सन धनुषाको मिथिला नगरपालिकाको ढल्केबर चौकमा सुन्तला बेच्दै एक फलफूल व्यवसायी र खरिद गर्दै यात्रु ।फोटो : दिवेश कुमार महतो, धनुषा।

ए.एस.डी. अफसेट प्रेस

क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९

# आर्मीलाई हराउँदै मधेसले जित्यो केपी ओली कपको उपाधि

**खबर दर्पण समाचारदाता**
**मंसीर १५ गते, महेन्द्रनगर**

नेपाली राष्ट्रिय टिमका कप्तानसहित स्टार खेलाडीले भरिएको नेपाल आर्मीलाई स्तब्ध बनाउँदै मधेस प्रदेशले केपी ओली कप टी-२० क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ।

पोखरा रंगशालामा शुक्रबार भएको फाइनलमा मधेसले त्रिभुवन आर्मी क्लबलाई ११ रनले पराजित गरेको हो।

मधेसले दिएको १३६ रनको सामान्य लक्ष्य पछ्याएको आर्मीले पूरै ओभर खेलेर ७ विकेट क्षतिमा १२४ रन मात्रै बनाउन सक्यो ।

स्टार खेलाडीले भरिएको आर्मीको ब्याटिङ मधेसको बलिङ अगाडि चल्न सकेन। आर्मीका सुरुआती ११ मध्ये १० खेलाडीले राष्ट्रिय टिमबाट अनुभव बटुलिसकेका छन्।

१६ रनको योगदान गरेका सन्तोष कार्कीबाहेक अन्य १० खेलाडीले नेपालका लागि खेलिसकेका छन्। तर मधेसशका अधिकांश खेलाडी भने नयाँ थिए ।

आर्मीका कप्तान विनोद भण्डारीले ३२ र भीम सार्कीले २२ रन बनाए । राष्ट्रिय टोलीमा विष्फोटक ब्याटिङ गर्ने कुशल मल्ल डगआउट भए। राष्ट्रिय टोलीका कप्तान रोहित कुमार पौडेल ५ रनमै पेभेलियन फर्किए ।

मधेसको लागि कप्तान हरिशंकर शाहले ४ विकेट लिए। प्रदिप पासावानले २ तथा प्रथिक यादवले १ विकेट लिए।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको मधेसले पूरै ओभर खेलेर ८ विकेट क्षतिमा १३५ रन बनाएको थियो।

मधेसको लागि विशाल पटेल ४९ रनमा अविजित रहे। उनले ३२ बलमा ३ चौका र ३ छक्का प्रहार गरे। कप्तान शाहले २७ रन जोडे। आर्मीको लागि शाहब आलम र विवेक यादवले ३-३ विकेट लिए ।

मधेसमा यसअघि राष्ट्रिय टोलीबाट खेलिसकेका कप्तान हरिशंकर शाह, अनिलकुमार साह र पवन सर्राफ मात्रै थिए ।

यससँगै प्रतियोगिताको च्याम्पियन टोली मधेस प्रदेशले पाँच लाख रुपैंया शिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गरेको छ । उपविजेता आर्मीले दुई लाख ५० हजार रुपैंया, शिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार पाएको छ।




# शान्ति सुरक्षा कायम गर्न प्रदेश सरकार .......

शिलान्यास कार्यक्रममा मुख्यमन्त्री यादवले प्रदेश सरकार गठन भएको ६ वर्ष बित्दा पनि प्रहरी प्रदेश सरकारको मातहतमा आउन नसकेकोप्रति दु:ख व्यक्त गर्नुभयो ।

नेपाल प्रहरीलाई प्रदेश सरकार मातहतमा ल्याउन सङ्घर्ष जारी रहेको उहाँले बताउनुभयो। उहाँले कसैको सिफारिस बिना पीडितले न्याय पाओस् भन्ने किसिमले प्रदेशमा काम गर्नका लागि प्रहरी अधिकारीलाई आग्रह गर्नुभयो ।

प्रदेशको आठवटै जिल्लाको सदर मुकाममा शान्ति सुरक्षालाई प्रभावकारी बनाउन सिसिटिभी जडान गरिने उहाँको भनाइ छ ।

उहाँले अहिले पनि प्रदेश सरकारले आफ्नो क्षमताअनुसार मधेश प्रदेश प्रहरीलाई सहयोग गरिरहेको भन्दै प्रहरी प्रदेश सरकारको मातहतमा आएपछि मधेश सरकारको प्रहरी सबैभन्दा सबल हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा गृह, सञ्चार तथा कानुनमन्त्री मोहम्मद समिमले मधेश प्रदेश प्रहरीको समस्या प्रदेश सरकारको समस्या भएको भन्दै शान्ति सुरक्षा सुदृढ पार्न विगतझैँ आगामी दिनमा पनि प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

कार्यक्रममा नेकपा (एमाले) संसदीय दलका उपनेता एवम् प्रदेश सभा सदस्य दीपेन्द्र ठाकुरले प्रदेश सरकारको धेरैजसो बजेट त्यतिकै फ्रिज हुनेगरेको भन्दै त्यस्ता बजेटलाई प्रशासनिक पूर्वाधार निर्माणमा खर्चिन सल्लाह दिनुभयो ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख एवम् प्रहरी नायब महानिरीक्षक जनक भट्टराईले भाडाको घरमा अहिले कार्यालय सञ्चालन भइरहेको भन्दै निर्माण हुने उक्त प्रशासनिक कार्यालय भवनले कामकाज गर्नमा सहजता हुने धारणा राख्नुभयो ।

कार्यक्रममा धनुषाका प्रमुख जिल्ला अधिकारी चक्रमणी पाण्डे, सशस्त्र प्रहरी बल नेपाल २ नं. छिन्नमस्ता बाहिनी बर्दिबासका सशस्त्र प्रहरी नायव महानिरीक्षक दीपेन्द्र साह, वरिष्ठ प्रहरी उपरीक्षक प्रवीण पोखरेलसहित उच्च सुरक्षा अधिकारीको सहभागिता रहेको थियो ।

२३ करोड १० लाख ४३ हजारको लागतमा निर्माण हुन लागेको उक्त प्रशासनिक कार्यालय भवनको निर्माण शिवालय सुबेदी जे.भि.काभ्रेले १८ महिनाभित्रमा काम सम्पन्न गर्नेगरी ठेक्का सम्झौता गरिएको छ ।


## बिमालेख हरायो

मिति २०८० कार्तिक २ गते घरबाट वर्दिवास चोक जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा भेटाउनु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा मेरो मोबाइल नम्बर ९७०४१३११९५ मा सम्पर्क गरी जानकारी दिनु हुन अनुरोध गर्दछु ।

नाम :- सुरेन्द्र कुमार साह
बर्दिवास नगरपालिका :- ६
बिमालेख नम्बर :- २५५१००२४१
बिमा कम्पनी :- लाइफ इन्स्योरेन्स कर्पोरेसन ( नेपाल) लिमिटेड
मोबाइल :- ९७०४१३११९५

## विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९


## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** : आलस्य बढ्नेछ। मांगलिक कार्यमा खर्च हुनेछ। अवरुद्ध काम सुचारु हुनेछन्। कर्मप्रति निष्ठा बढ्नेछ। आलोचना बढ्नेछ।

**बृष** : अध्ययनमा रुचि घट्नेछ। पति पत्नीबीच प्रेम बढ्नेछ। मान्यजन रुष्ट हुनेछन्।

**मिथुन** : दैनिक कार्यमा सुधार आउनेछ। पराक्रम बढ्नेछ। संगीतमा रुचि बढ्नेछ। रचनात्मक कार्यमा समय व्यतीत हुनेछ। आत्मबल बढ्नेछ।

**कर्कट** : धार्मिक कार्यमा रुचि बढ्नेछ। व्यावसायिक अवरोध सिर्जना हुनेछ। मनमा अशान्ति बढ्नेछ। सञ्चित धन हानि हुनेछ। शंका बढ्नेछ।

**सिंह** : धातुसम्बन्धी कारोबार बढ्नेछ। मध्यस्थता गर्दा आलोचना बढ्नेछ। धन सञ्चित हुनेछ। मनोरञ्जनमा रुचि बढ्नेछ। यात्रा हुनेछ।

**कन्या** : नेतृत्व क्षमता विकास हुनेछ। स्वास्थ्यमा सुधार आउनेछ। शारीरिक स्फूर्ति बढ्नेछ। व्यावसायिक यात्रा हुनेछ। घरायसी समस्या बढ्नेछ।

**तुला** : कान्ति बढ्नेछ। शैक्षिक व्यवसायमा क्षति हुनेछ। आफन्तको सहयोग प्राप्त हुनेछ। धन आर्जनमा कमी आउनेछ। थकान बढ्नेछ।

**बृश्चिक** : शैक्षिक प्रतिस्पर्धा बढ्नेछ। बिछोडिएका मित्रसँग भेट हुनेछ। धन आर्जन गर्ने अवसर मिल्नेछ। हर्ष बढ्नेछ। दाजुभाइबीच स्नेह बढ्नेछ।

**धनु** : प्राविधिक कार्य सफल हुनेछन्। कूटनीतिक कार्य बढ्नेछ। साझेदारीमा समस्या देखा पर्नेछ। कार्य व्यस्तता बढ्नेछ।

**मकर** : विद्याप्राप्ती हुनेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। रोजगारप्राप्ती हुनेछ। कृषिबाट लाभ मिल्नेछ। मातृसुख प्राप्त होला। बुद्धि बढ्नेछ।

**कुम्भ** :अनावश्यक खर्च बढ्नेछ। पारिवारिक मेलमिलाप बढ्नेछ। प्रेममा सफलता प्राप्त हुनेछ।

**मीन** : खोज तथा अनुसन्धानमूलक कार्यमा रुचि बढ्नेछ। पारिवारिक झमेला बढ्नेछ। साताको अन्तिम तिर मान सम्मान पाउने योग छ ।
क

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# स्थानीय तहमा हुने भ्रष्टाचारको नमूना...................

गते १४ लाख, कार्यक्रम र मिति नखुलेको शीर्षकमा एकपटक ६ लाख रुपैयाँ र अर्को पटक ९७ हजार ८ रुपैयाँ गरी कुल ६० लाख ९७ हजार ८ रुपैयाँ बुझेका छन्। यादवले बुझेका ती पेस्की र कममध्ये विभिन्न मितिमा गरी ८ लाख रुपैयाँ नगरपालिकाको खातामा फिर्ता गरेका छन्।

आर्थिक वर्ष २०७७/०७८ मा समेत लाखौं पेस्की, नक्कली बिल भर्पाइ पेस

२०७८ जेठ २६ गते यादवले जीवन स्वास्थ्यशैली कार्यक्रम र कोभिड १९ मनोसामाजिक परामर्शबापत ४ लाख रुपैयाँ भुक्तानी लिएका थिए। ती कार्यक्रमहरू सञ्चालनका लागि निजलाई दिइएको कार्यादेश , बिल भर्पाइको तेरिज आदि नखुलेको, साथै भुक्तानी पाऊँ भनी दिएको निवेदनमा मिति समेत उल्लेख नभएको राष्ट्रिय सतर्कता केन्द्रको छानबिन प्रतिवेदनमा उल्लेख छ। कोभिड- १९ को समयमा मनोपरामर्श सम्बन्धी कार्यक्रम सञ्चालनका लागि २ लाख रुपैयाँ पेस्की लिएको भ्याट रकमको सीमाभन्दा बढी रकममा भ्याट बिल नकाटेको, धेरै दिनको बिल एकपटक काटेको छानबिनबाट खुलेको छ।

अस्वाभाविक मूल्य राखी कार्यक्रम भएको लामो समयपश्चात ठूलो र कम प्यान बिलमार्फत काटेको तथा एउटै भौचरबाट गरिएको भुक्तानीमा विभिन्न मितिमा सञ्चालन भएका भनिएका कार्यक्रमको एउटै बिल भर्पाइ पेस गरेको पाइएको छ। जस्तै, दिनेश वैष्णव होटलको बिल नम्बर १५१ बाट २०७८ वैशाख २९ को ६३ हजार रुपैयाँको बिल विभिन्न मिति (२०७७ भदौ ६ गते, भदौ २६ गते, फागुन १९ गते र २०७८ वैशाख २६ गते) सम्पन्न ४ वटा कार्यक्रमका लागि एउटै बिल बनाई पेस गरिएको तथ्य छानबिनबाट पाइएको छ।

विभिन्न मितिका कार्यक्रमको एउटै बिल भर्पाइ पेस भएको देखिएकाले ती कार्यक्रम सञ्चालन भएको भन्नेमा विश्वस्त हुने आधार नदेखिएको प्रतिवेदनमा उल्लेख छ।

२०७७ भदौमा भएको भनिएको खर्चका लागि होटलले २०७८ वैशाख २९ मा बिल जारी गर्नुले पनि अनियमितता देखिने केन्द्रको प्रतिवेदनमा उल्लेख छ।

'ठूलो रकम भुक्तानी पाउनुपर्ने होटलहरूलाई उनीहरूकै खातामा रकम भुक्तानी गरिनुपर्नेमा शिक्षा संयोजक धनेश्वर यादव स्वयंले भुक्तानी लिएको देखिएकाले सो खर्चमा अनियमितता भएको छैन भन्ने आधार देखिएन,' केन्द्रको छानबिन प्रतिवेदनमा उल्लेख छ। थापा जनरल अर्डर सप्लायर्स ( स्थायी लेखा नम्बर ६०१४१५४५८) को मिति नलेखिएको बिल नम्बर ३२ को बिलबाट ६ हजार रुपैयाँ भुक्तानी भएको देखिएको तथ्य छानबिनबाट फेला परेको छ।

२०७७ फागुन १४-१५ गते सञ्चालित कोभिड १९ मनोसामाजिक परामर्श कार्यक्रममा यातायात खर्च बापत दिइएको भनिएको खर्च बुझेका ३६ जनाले प्रतिदिन ५ सय रुपैयाँको दरले जम्मा ३६ हजार रुपैयाँको भर्पाइमा बुझ्ने व्यक्तिको सही छाप शंकास्पद देखिएको प्रतिवेदनमा उल्लेख छ। २०७७ फागुन १५ गते सोही कार्यक्रममा चियानास्ताबापत स्टार होटलको बिल नम्बर ६५ बाट ४४ हजार रुपैयाँको प्यान बिल काटिएको छ।

स्वीकृत नर्म्सविना तजबिजीरूपमा यादवले २०७८ असार २० गते विभिन्न ४ वटा कार्यक्रमका लागि भन्दै ७ लाख रुपैयाँ खर्च गरेका छन्।

कार्यक्रममा सहभागीहरूका लागि आतेजातेबापत दैनिक ५ सय रुपैयाँका दरले उपलब्ध गराइएको पाइएको छ। उक्त कार्यक्रममा भएका प्रस्तुतीकरणको विवरण संलग्न नभएको, केबल बैठक भत्ता र खाजा खानामा सम्पूर्ण रकम सकाइएको कुरा छानबिन प्रतिवेदनमा उल्लेख छ।

कार्यक्रमको प्रभावकरिता र उपलब्धि मूल्यांकन नभएको, प्रतिसेसन केबल २० जना मात्र सहभागी गराई कार्यक्रम लम्ब्याउने प्रपञ्च मात्र रचेको स्पष्ट देखिएको, सबै कार्यक्रम बिहानको समयमा सम्पन्न भएको देखाई अनावश्यक रूपमा भत्ता बुझेको, सबै कार्यक्रममा एकै प्रकारको खर्च भएको, एउटै भौचरबाट खर्च गरिएका विभिन्न मितिका कार्यक्रमहरूको एउटै बिल भर्पाइ पेस गरेको देखिएको प्रतिवेदनमा उल्लेख छ।

त्यसबाहेक कार्यक्रमका लागि भनी अस्वाभाविक फर्मबाट बिल जारी गरिएको पाइएको छ। जस्तै, न्यु चौधरी मिट हाउस (प्यान नम्बर ३०१३०८१११) लाई मिति २०७८ असार १ मा जारी बिल नम्बर २१ बाट चिया, नास्ता, खानाबापत २० हजार रुपैयाँ र २०७८ असार ५ मा जारी बिल नम्बर २५ बाट चिया, नास्ता, खाना र पानीबापत १६ हजार रुपैयाँ भुक्तानी भएको देखिएको छ।

'उक्त मिट हाउसका सञ्चालक बिनोद चौधरीको फोन नम्बर ९८०७६८२९२९ मा छानबीन टोलीले सम्पर्क गरी बुझ्दा निजको मासुपसलमा चिया नास्ता एवं खानाखाजा नपाउने भनी जवाफ दिएकाले सो बिल भर्पाइ फर्जी भएको स्पष्ट हुन्छ,' छानबिन प्रतिवेदनमा उल्लेख छ।

यातायात खर्चबापत रकम बुझेको भर्पाइ नभएता पनि सो रकम खर्च भनी भुक्तानी माग गरिएको, प्रायः होटल लगायतका सबै बिलमा एउटै व्यक्तिको ह्यान्डराइटिङ रहेको, उपस्थित शिक्षक र अभिभावकको ठेगाना स्पष्ट नभएको, सबै बिल भर्पाइको एउटै दर रेट रहेको र कार्यक्रममा तोकिएको सम्पूर्ण रकम खर्च भएको देखाइएको छ।

संयोजक र प्रशिक्षकलगायतलाई दिने पारिश्रमिकको स्विकृत नर्म्स नभएको पनि उल्लेख छ। साथै बिलमा पनि प्रशस्तै कैफियत भेटिएको छ। 'पछिल्लो नम्बरको बिल अघिल्लो मितिमा काटेको देखिएकाले उक्त बिल भर्पाइ फर्जी पेस गरिएको स्पष्ट हुन्छ। साथै ५५६ नम्बरको बिलमा विक्रेताको हस्ताक्षर नभएको र बिल नम्बर ५५७ मा आइटम बाईज जोडजम्मा नभएकाले पनि अनियमितता भएको प्रस्ट देखिन्छ,' छानबिन प्रतिवेदनमा उल्लेख छ।

२०७८ असार १ देखि ३ गतेसम्म तीन दिने सुरक्षित सिकाइ कार्यक्रम सञ्चालन भएकोमा प्रत्येक दिन २०-२० जना गरि तीनवटा समूहलाई तालिम दिएको भर्पाइ पेस भएको तर प्रत्येक समूहलाई कति समय (कार्यघण्टा) तालिम दिएको भनी उल्लेख नभएको पाइएको छ। तीनवटै समूहका संयोजक र प्रशिक्षक एउटै देखाई अनियमितता गरेको पाइएको छ।

उक्त कार्यक्रममा सहभागीहरूको यातायातमा ९० हजार रुपैयाँ, प्रशिक्षक भत्तामा ५२ हजार ८ सय रुपैयाँ, असार १ गतेका लागि स्टेसनरीमा ६५ जनाका लागि ९ हजार ३५० रुपैयाँ, असार २ गते ६५ जनाको स्टेशनरीमा १० हजार १२५ रुपैयाँ खर्च देखाइएको छ। त्यसैगरी ब्यानरमा १ हजार ७९९ रुपैयाँ, खाजा-खानामा ४० जनाका लागि २० हजार रुपैयाँ, सोही मितिमा खाना-खाजाको अर्को बिलमा २० हजार रुपैयाँ खर्च देखाइएको छ।

तीन दिनको उक्त कार्यक्रमका लागि खाना-खाजामा होटल राजनन्दनी, हराबाडाको बिल नम्बर १४१ बाट २० हजार रुपैयाँ, सोही मितिमा सोही होटलको बिल नम्बर १४१ बाट २० हजार रुपैयाँ, दिनेश वैष्णव होटलको २० हजार रुपैयाँ, स्टार होटल यदुकोहाको २० हजार रुपैयाँ, न्यू चौधरी मिट हाउस यदुकोहाको २० हजार रुपैयाँ गरी पाँचपटकको १ लाख रुपैयाँ बिल देखाइएको छ। उक्त कार्यक्रममा जम्मा २ लाख ६४ हजार ७५ रुपैयाँ खर्च देखाइएको छ।

यादव नगरपालिकामा शिक्षा संयोजकको रूपमा कार्यरत रहेपनि उनले विद्यालय अनुगमन र प्रअ बैठक खाजा खर्चका नाममा १ लाख ८० हजार रुपैयाँ भुक्तानी लिएको पाइएको छ।

१३ दिन विद्यालय अनुगमनका नाममा तत्कालीन नगर प्रमुख उदयकुमार बरबरियाले २ हजार को दरले २६ हजार रुपैयाँ, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत शत्रुघन यादवले १६ सयको दरले २० हजार ८ सय रुपैयाँ, श्रोत व्यक्ति धनेश्वर यादवले १२ सयको दरले १५ हजार ६ सय रुपैयाँ, संयोजक रामरतन पासवानले १२ सयको दरले १५ हजार ६ सय रुपैयाँ, लेखापाल लोकबहादुर नेपालीले १५ सयको दरले १९ हजार ५ सय गरी कुल ९ लाख ७५ हजार रुपैयाँ अनुगमन भत्ता बुझेका छन्।

कुन विद्यालयमा कुन मितिमा अनुगमन गरी के कस्तो निर्देशन एवं सुझाव दिइएको भन्नेजस्ता प्रतिवेदन संलग्न नगरिएकाले सो अनुगमन र खर्चको प्रभाववारितामा प्रश्न उठ्न जाने देखिएको प्रतिवेदनमा उल्लेख छ।

'अनुगमन गरेको भनी हस्ताक्षर गरिएको कागजमा उक्त विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी लगायत सरोकारवालाहरूको हस्ताक्षर समेत नभएकाले सो अनुगमन केवल कागजमा मात्र भएको स्पष्ट भएको छ। सामुदायिक विद्यालयको अनुगमन गरी सुधार गर्ने दायित्व बोकेका जिम्मेवार व्यक्तिहरूले नै अनुगमनको नाममा रकम बुझ्ने परम्पराको अन्त्य हुनु पर्ने देखिन्छ,' छानबिन प्रतिवेदनमा उल्लेख छ।

अर्कातर्फ सोही विद्यालय अनुगमनको क्रममा खाजा खाना भनी मिट हाउसलगायतलाई ३२ हजार ८ सय रुपैयाँ भुक्तानी गरिएको समेत पाइएको छ। त्यस्ता बिलहरूमा मिति र कस्को नाममा बिजक जारी गरिएको हो भन्ने कुरा समेत नखुलेको, साथै प्रअ बैठक खाजाखर्चमा ५० हजार १ सय रुपैयाँ खर्च भएको प्राप्त कागजातबाट देखिएको भनी प्रतिवेदनमा उल्लेख छ।

२०७८ जेठ २ मा भौचर नम्बर १९ बाट कार्यालय सञ्चालन तथा व्यवस्थापनबापत शिक्षा संयोजक धनेश्वर यादवले ४५ हजार ६६० रुपैयाँ बुझेका थिए।

'सामान नगरपालिकामा माग गर्ने पनि शिक्षा संयोजक धनेश्वर यादव र उक्त सामान खरिद गरि रकम सोधभर्ना लिने पनि निज धनेश्वर यादव नै भएको पाइयो,' छानबिन प्रतिवेदनमा उल्लेख छ।

२०७८ जेठ २६ गते भौचर नम्बर २८ बाट कक्षा ८ को परीक्षा सञ्चालन खर्चबापत धनेश्वर यादवले ५ लाख रुपैयाँ भुक्तानी लिएका थिए। प्रश्नपत्र छपाइबापत २०७८ वैशाख १५ गतेको नैशी जेनरल अर्डर सप्लायर्स (स्थायी लेखा नम्बर ३०५३७९५६४) को बिल नम्बर ९२ बाट ३ लाख ४८ हजार ३२४ रुपैयाँको बिल पेस गरिएको छ।

'तर, उक्त बिलको भुक्तानी सोही फर्मलाई भ्याटबापतको ३० प्रतिशत रकमले हुन आउने १२ हजार २१ रुपैयाँ कटाई गर्नुपर्ने र सो कट्टी गरिएको रकम सम्बन्धित फर्मको नाममा राजस्व दाखिला गर्नुपर्नेमा शिक्षा संयोजकको नाममा नै भुक्तानी गरिएको पाइयो। यसरी नियमविपरीत भुक्तानी दिने कार्यालय प्रमुख शत्रुधन यादव, लेखा प्रमुख लोकबहादुर नेपाली र शोधभर्ना लिने शिक्षा संयोजक धनेश्वर यादवले बदनियत गरेको पाइएको छ,' केन्द्रको छानबिन प्रतिवेदनमा उल्लेख छ।

सोही परीक्षासम्बन्धी बैठक खर्च भनी नगरप्रमुख, शिक्षक र कर्मचारी गरी ९ जनाले प्रतिबैठक १ हजार रुपैयाँका दरले १२ वटा बैठकबापत कुल ९६ हजार रुपैयाँ बुझेका छन्।

उक्त बैठक बस्नुको कारण र निर्णय केही उल्लेख भने गरिएको छैन। २०७७ पुस २० गतेदेखि २०७८ वैशाख ३१ गतेसम्ममा बैठकको हाजिरी एउटै पानामा गरिएको पाइएको छ।

साथै, २०७८ वैशाख ३१ गते एकै दिनमा दुईवटा बैठक सञ्चालन गरिएको भनी हस्ताक्षर गरिएको छ। बैठक भत्ता लिने प्रयोजनकै लागि मात्र सो कागजात तयार गरिएको देखिएको, बैठकमा छलफल भएका विषय र भएका निर्णय सुन्ने बैठकको माइन्युट नै नराखिएको, बैठक के विषयमा छलफलको प्रयोजनका लागि बसेको हो भन्ने विषय समेत खुलेको छैन। उल्लेखित व्यक्तिहरू के हैसियतमा बैठकमा उपस्थित भएका हुन्, के कसरी उनीहरूलाई बैठकका लागि छनोट गरिएको हो, आदि विषयको कानूनी आधार के हो भने खुल्न नसकेको प्रतिवेदनमा उल्लेख छ।

२०७८ असार ३० गते भौचर नम्बर ५५ बाट वैकल्पिक कक्षा सञ्चालन व्यवस्थापनबापत शिक्षा संयोजक यादवले ८ लाख ९७ हजार ५० रुपैयाँ भुक्तानी लिएका थिए। उक्त कार्यक्रमबापत सनवे कम्प्युटर एन्ड टेक्नोलोजी (प्यान नम्बर ६००८१८९५१ )को बिल नम्बर २ बाट २०७८ जेठ १५ गते २ लाख ८२ हजार ५ सय रुपैयाँ भ्याट समेत यादव आफैंले भुक्तानी लिएको पाइएको छ।

'यति ठूलो कार्य कुनै फर्मलाई दिनुपूर्व पूरा गर्नुपर्ने प्रक्रिया पूरा गरेको देखिएन र भुक्तानीको विधि पनि प्रक्रियागत भएको पाइएन। यस कार्यक्रममा पेस भएका खाजाखानाका बिल समेत मिटशप लगायतबाट पेस भएको साथै रिचार्ज कार्डमै १२ हजार ५ सय रुपैयाँसहित अस्वाभाविक खर्च भएको पाइयो,' छानबिन प्रतिवेदनमा उल्लेख छ।

माथि उल्लेख गरिएजस्तै अन्य विभिन्न कार्यक्रममा यादवले पेस्की रकम बुझी अनियमितता गरेको पाइएपछि थप छानबिन गरी कारबाहीका लागि केन्द्रले प्रतिवेदन अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएको छ।

'पूर्व शिक्षा संयोजक धनेश्वर यादवलाई कार्यक्रम सञ्चालनको नाममा पेस्कीमाथि पेस्की थपी फर्छ्यौट गर्नेतर्फ सम्बन्धित प्रमुख प्रशासकीय अधिकृत, लेखा शाखा प्रमुख कसैले पनि काम कारबाही नगरेको, कार्यक्रमको बिल भर्पाइ पेस गर्दा नक्कली बिल भर्पाइ पेस गरेको, अनियमित तरिकाले बैठक भत्ताहरू लिएको लगायतका कार्यहरू गरेको देखिँदा यसमा निवर्तमान र वर्तमान प्रमुख प्रशासकीय अधिकृत, लेखा शाखा प्रमुख र तत्कालीन शिक्षा संयोजक धनेश्वर यादवको मिलेमतो भएको छैन भन्न सकिने आधार नदेखिएकाले यसमा विस्तृत अध्ययन अनुसन्धान गर्नुपर्ने देखिँदा छानबिन प्रतिवेदनको प्रतिलिपि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाई उजुरीको लगत कट्टा गर्ने निर्णय गरियो,' केन्द्रको प्रतिवेदनमा उल्लेख छ।-लोकान्तर


## सार्वजनिक सेवा र कार्यमा सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।

**"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"**

**जलेश्वर नगरपालिका, महोत्तरी**

# हात्ती पिडित र अशक्त परीवारलाई फर्निसिङ व्यवसायी संघले दियो राहत

**खबर दर्पण समाचारदाता**

**मंसीर १५ गते, बर्दिवास**



महोत्तरीको वर्दिवासमा हात्ती पिडितलाई विहिवार राहत सहयोग बितरण गरिएको छ । बर्दिबास नगरपालिका वडा नं २ निवासी पिडित श्याम परियार लाइ राहत स्वरुप रु ७ हजार १ सय सहयोग गरिएको हो।

गएको सोमबार राति हात्ती ले परियार को काठको घरका सबै बेरा भत्काइ छति गरेकाले परियारलाई मर्मत सम्भारका लागि नेपाल फर्निचर तथा फर्निसिङ व्यवसायी संस्था महोत्तरिका अध्यक्ष को नेतृत्वमा संस्था ले रु ७ हजार १ सय र ाहत सहयोग गरेको संस्था का अध्यक्ष गोविन्द ब खड्का र मेशले जानकारी दिए ।

इ रिक्स चलाएर दैनिक गुजारा गरिरहेका परियार लाइ संस्था ले घरैमा गएर राहत प्रदान गरेको अध्यक्ष खड्काले बताए । राहत प्रदान गर्न संस्था महोत्तरि अध्यक्ष खड्का, कोषाध्यक्ष बद्री प्रसाद गाँउ लगायत सम्पूर्ण कार्य समिति को उपस्थित रहेको थियो। यसैविच आजै वडा नम्बर २ कै एक अति बिपन्न खुट्टा ले असक्त भएका दम्पति लाइ फर्निसिङ व्यवसायी संस्था महोत्तरिले राहत सामग्री सहयोग गरेको छ। दाउरा बेचेर जिबन यापन गरिरहेका एक ब परियार र सिरि मति अइति माया परियार दम्पति को अचानक केहि दिन पहिले खुट्टा ले असक्त भएपछि दुई छाक हातमुख जोड्न समस्या भएकोले संस्थाले राहत सामग्री सहयोग गरिएको हो। संस्थाले राहत स्वरुप ३० केजि चामल १ लिटर तेल २ केजि दाल १ पसेका नुन,मर मसला , ब्ल्याङ्केट तथा नगद रु ११ सय प्रदान गरेका हुन्।

त्यस्तै बिहिवारनै संस्थाले सवारी दुर्घटना मा ज्यान गुमाएका बर्दिबास निवासी मृतक श्याम चौधरी प्रति संवेदना प्रकट गरेको छ। गएको ४ गते सिन्धुली जिल्लाको मरिन वाट घर फर्कने क्रममा मोटरसाइकल दुर्घटना मा परि चौधरी को ज्यान गएको थियो।

बर्दिबास को औरहि रोड मा जुता व्यवसाय गर्दै आएका मृतक चौधरी को परिवारमा सान्तवना दिदै मौन धारण गरेर सम्वेदना प्रकट गरेको संस्था का अध्यक्ष खड्काले बताए ।

# धनुषामा श्रीमतीलाई हत्या गर्ने धम्की दिइरहेकै बेला श्रीमान पेस्तोलसहित पक्राउ

**खबर दर्पण समाचारदाता**

**मंसीर १५ गते, महेन्द्रनगर**



धनुषामा श्रीमतीलाई कुटपिट गरी हध्या गर्ने धम्की दिइरहेका एक व्यक्ति कटुवा पेस्तोलसहित पक्राउ परेका छन् । पक्राउ पर्नेमा सबैला नगरपालिका ८ ठिल्ला बस्ने ५१ वर्षीय रामईश्वर ठाकुर छन् ।

धनुषा प्रहरीका अनुसार ठाकुर ले शुक्रवार साँझ साढे ५ बजेको समयमा आफ्नै श्रीमती ५० वर्षीया रामकाशी देवी ठाकुर लाई कुटपिट गर्ने र हतियार देखाई ज्यान मार्ने धम्की दिइ रहेका थिए ।

चना पाएपछि इलाका प्रहरी कार्यालय सबैला धनुषाबाट पुगेको प्रहरी टोलिले उनको शरीर तथा घर खानतलासी गर्दा ९ ईन्च लम्बाई भएको कटुवा पेस्तोल बरामद गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । उनलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# राष्ट्रिय सभा चुनावको लागि दल दर्ता गर्ने समय मंसिर २४ देखि २९ गतेसम्म

**खबर दर्पण समाचारदाता**

**मंसीर १५ गते, बर्दिवास**

निर्वाचन आयोगले राष्ट्रिय सभा चुनावको कार्यतालिका सार्वजनिक गरेको छ । सरकारले माघ ११ गते चुनावको मिति घोषणा गरेपछि निर्वाचन आयोगले मंसिर २२ गते दल दर्तासम्बन्धी सूचना प्रकाशित गर्ने गरी चुनावको कार्यतालिका सार्वजनिक गरेको छ। आयोगका सहसचिव एवम् प्रवक्ता शालिग्राम शर्मा पौडेलले मंसिर २२ गते दल दर्ताका लागि सूचना प्रकाशित हुनेगरी मंसिर २४ गते चुनावको कार्यतालिका स्वीकृत गरी सार्वजनिक गरिएको जानकारी दिनुभयो ।

उहाँले दल दर्ताका लागि मंसिर २४ गतेदेखि २९ गतेसम्मको समय तोकिएको बताउनु भयो । पौष १ गते ती दलहरुलाई चुनाव चिह्न प्रदान गरिनेछ। निर्वाचन आयोगका अनुसार पौष ४ गते दर्ता भएका दलहरुको अन्तिम नामावली प्रकाशित हुनेछ ।

पौष १६ गते चुनावका लागि सात वटा प्रदेशको राजधानीमा चुनाव अधिकृत नियुक्ति र कार्यालय स्थापना हुनेछ। आयोगका प्रवक्ता पौडेलले पौष २० गतेदेखि २९ गतेसम्म राष्ट्रिय सभा सदस्यको चुनाव कार्यक्रम हुन्छ ।

उहाँले मतदाता नामावलीको नाम प्रकाशित गर्ने, त्यो माथि दाबी विरोध, उजुरीहरु लिने, अन्तिम नामावली प्रकाशित गरिने बताउनु भयो । मनोनयन दर्ता गर्ने, त्यसमाथि दाबी, विरोध, उजुरी लिने, त्यसमा जाँचबुझ गर्ने, उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने, फिर्ता लिने लगायतका कामहरु त्यस अवधिमा हुने पनि प्रवक्ता पौडेलले बताउनु भयो। कार्यतालिकाअनुसार चुनाव अधिकृतको कार्यालयले प्रदेशको राजधानीमा अनुकूल हुने गरी मतदानस्थल तोक्नेछ । माघ ११ गते बिहान नौ बजेदेखि दिउँसो ३ बजेसम्म मतदान हुनेछ ।

चुनावको कार्यतालिकाअनुसार मतदानस्थलमा दुई वटा मतदान केन्द्र हुनेछ। प्रदेश सभा सदस्यहरुले मतदाता गर्ने मतदान केन्द्र हुन्छ । अर्को पालिकाको मेयर, उपमेयर र अध्यक्ष, उपाध्यक्षले मतदान गर्ने मतदान केन्द्र हुने व्यवस्था गरिएको पनि निर्वाचन आयोगका प्रवक्ता पौडेलले बताउनु भयो ।

निर्वाचन आयोगले पछिल्लो जनगणनाअनुसार राष्ट्रिय सभा चुनावको मतभार पनि परिवर्तन गरेको छ । राष्ट्रिय जनगणना कार्यालयले दिएको पछिल्लो जनगणनाअनुसार प्रदेश सभा सदस्यको हकमा ५३ र पालिका मेयर, उपमेयर र अध्यक्ष, उपाध्यक्षको हकमा १९ मतभार र हने गरी आयोगले निर्णय गरेको पनि प्रवक्ता पौडेलले बताउनु भयो ।

फागुन २० गते रिक्त हुने २० जना राष्ट्रिय सभा सदस्यमध्ये १९ वटा पदका लागि सरकारले माघ ११ गते चुनावको मिति घोषणा गरेको हो । रिक्त १ जना राष्ट्रिय सभा सदस्य भने सरकारको सिफारिसमा राष्ट्रपतिले मनोनित गर्ने संवैधानिक व्यवस्था छ ।

# बर्दिबासमा दिवङ्गत आमावुवाको स्मृतिमा करोडौँ लगानिमा धर्मशाला निर्माण

**खबर दर्पण समाचारदाता**

**मंसीर १५ गते, बर्दिवास**

बर्दिबास-१ का हमाल दाजुभाइले दिवङ्गत आमावुवाको स्मृतिमा करोडौँ खर्चिएर धर्मशाला निर्माण गरी समाजलाई हस्तान्तरण गर्नुभएको छ ।

बुवा नीरबहादुर हमाल तथा आमा रत्नकुमारीको सम्मान र सम्झनामा छोराहरू डा. कृष्ण हमाल, चिरञ्जीवी हमाल, ओमकार हमाल, नेपाली सेनाका पूर्वरथी किशोर हमाल तथा छोरी दुर्गा शाहीले १ करोड ५ लाख खर्चेर धर्मशाला निर्माण गर्नुभएको हो ।

बर्दिबास १४ स्थित राम-जानकी मन्दिर परिसरमा निर्मित 'नीर रत्न धर्मशाला' को दुई तले भवनमा ७ कोठा र एक हल छ । स्थानीयका अनुसार सो मन्दिर पनि ५ दशकअघि दिवङ्गत हमालकै सहयोग र सक्रियतामा निर्माण भएको थियो ।

नवनिर्मित धर्मशालाको मधेश प्रदेश सांसद शारदा थापा तथा डा. कृष्ण हमालले बुधवार एक समारोहबिच उद्घाटन गर्नुभयो ।

उदघाटन पश्चात् धर्मशालालाई लोक कल्याणका निम्ति हस्तान्तरण गरिएको छ । धर्मशाला व्यवस्थापन र सञ्चालनको दायित्व नीर रत्न ट्रष्टलाई दिइएको छ ।

प्रदेश सांसद थापाले दूरदर्शी एवम् विकाशका संवाहक स्वर्गीय नीरबहादुर हमालको सत्प्रयासले तत्कालीन अवस्थामै बर्दिबासमा विकाश तथा सम्मुनतिका मार्गचित्र कोरिएको धारणा राख्नुभयो । पञ्चायतकालको कालरात्रीमा पनि स्व. हमालले बर्दिबासमा सडक, स्वास्थ्य, शिक्षा, सुरक्षा व्यवस्था, हाटबजार तथा संस्थाको स्थापना गरी विकासको जग हालेको बताउनुभयो ।

'त्यही जगमा टेकेर बर्दिबासले आजको विकास गर्न सकेको हो' थापाले भन्नुभयो । धर्मशाला हस्तान्तरण गर्दै डा. कृष्ण हमाल तथा चिरञ्जीवी हमालले मातापिताको स्मृति र कृतिलाई नवनिर्मित धर्मशालाले जीवन्त राख्न सहयोग पुग्ने बताउनुभयो ।


## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ढीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।


**खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)**
**उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३)** E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
**मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा**